# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

## शुभकामना

११० औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस अर्थात ८ मार्चको अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आज विश्वभरका महिला दिदीबहिनीहरु मात्र नभई मानव समुदायकै लागि एउटा ऐतिहासिक दिन हो । महिलाहरुको हक र अधिकारका साथै आर्थिक, सामाजिक, राजनीतिक तथा साँस्कृतिक विकासका लागि आवाज बुलन्द गरिएको संघर्षको दिन हो ।

महान् जनयुद्ध, ऐतिहासिक जनआन्दोलन लगायतका परिवर्तनका सबै आन्दोलनहरुमा नेपाली महिलाहरुले अग्रमोर्चामा रहेर नेतृत्व गरेको तथ्य नेपाली राजनीतिक इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ । महिलाहरुको त्यो साहस, त्याग र बलिदानीले आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा आइपुगेका हौं ।

वर्तमान संविधानले महिलाहरुलाई धेरै हदसम्म अधिकार सम्पन्न बनाएको मा खुसी व्यक्त गर्दै संवैधानिक, कानूनी र व्यवहारिकरुपमा प्राप्त अधिकारको पूर्ण कार्यान्वयन तथा थप अधिकारका लागि एक भएर लाग्ने सबैमा प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

*२५ फागुन, २०७६*

.................................

पुष्पकमल दाहाल 'प्रचण्ड'

अध्यक्ष

• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np